# भ्यालेन्टाइन

- बद्री पौडेल

पुस माघको चिसो रातमा हिटर बाल्न नपाए पनि
तिम्रो न्यानो साथ त छंदै छ
लोड शेडिंगले घर अध्यारो बनाए के भो त
टोलै उज्यालो पार्ने तिम्रो मुहार त छंदै छ ।

नआत्तिउ प्रिय, आफ्नै देशमा पराइ बन्नु पर्यो भनेर
सबैले आ-आफ्नो अंश पाउँन थाले हाम्रो खोइ भनेर
शान्ति हुन्छ भने आफ्नो अंश बिनानै पनि मिलेर बसौंला
अति भयो भने डटेर लडौंला, नसके विदेश पसौला ।

भ्यालेन्टाइनको  साँझमा मिठो खाना ख्वाउने मन थियो
घरमा ग्यास  छैन, राम्रो  रेस्टुरा लगौं भने पैसा छैन
तिमी जस्ती भ्यालेन्टाइन पाउनु मेरो ठूलो भाग्य हो प्रिय
तिमीलाई चोखो माया बाहेक अरु कुनै  कुराको चाहना छैन ।

फेब्रुअरी १४, २०१२
न्यू योर्क